## परिचय

विषादी भन्नाले बोट विरूवा, कृषिजन्य पदार्थ र वन पैदावार, जीव, पशुपन्छी, मानव स्वास्थ्य, भण्डारण प्याकेजिङ्ग र निर्माण कार्यमा हानी पुर्‍याउने रोग, कीरा, सुलसुले, निमाटोड, झारपात, मुसालगायतबाट बचाउन प्रयोग गरिने प्राङ्गारिक, वनस्पति, जैविक तथा रासायनिक वस्तुलाई बुझाउँछ । यो सँगसँगै हानिकारक जीवहरूको शिकार गरेर, परभक्षी बनेर, रोग लगाएर वृद्धि कम गरेर वा जीवहरूलाई आकर्षण वा विकर्षण गर्ने वस्तु (फेरोमेन्स, एट्रयाक्ट्यान्ट, रिपेलेन्ट, डिटरेन्ट), नियमित वृद्धि र प्रजनन् कार्यमा असर पर्ने वस्तु (इन्सेक्ट ग्रोथ रेगुलेटर, इन्हिविटर, प्लान्ट ग्रोथ इन्हिविटर) पर्दछन् । यति मात्र नभएर पात पतिङ्गर झार्ने वस्तु (डिफोलियन्ट), फलफूल संख्या पतल्याउने वस्तु (थिनिङ एजेन्ट), समय नपुग्दै फलफूल झर्ने समस्याको नियन्त्रण गर्ने वस्तु, कृषिजन्य उत्पादनसँग सम्बन्धित प्रयोगशालामा निसङ्क्रमण गर्न प्रयोग गरिने वस्तु (डिसइन्फेक्टेन्ट) र ओसिलोपन कम गर्ने तथा सुकाउने वस्तु (डेसिकेन्ट)हरूलाई विषादीको रूपमा लिन सकिन्छ । कृषिमा व्यवसायीकरण बढेसँगै कृषि उत्पादन वृद्धि गर्नका लागि विषादी प्रयोगको क्षेत्र बढ्दो क्रममा रहेको छ ।

वाली कटानी अघि र पछि गरेर वाली शत्रुहरूका कारण नेपालमा करिब ३५ प्रतिशत क्षति भइरहेको अनुमान छ । वाली नालीमा लाग्ने विभिन्न शत्रुजीव नियन्त्रणको लागि प्रयोग हुने रासायनिक विषादीहरू मानिस, पशु, पंछीको लागि समेत घातक हुने र हावापानी, माटोलगायत समग्र पर्यावरणलाई नै प्रदूषित गर्न सक्ने भएकाले त्यस्ता विषादीहरू प्रयोग गर्दा निकै सावधानी अपनाउनुपर्ने हुन्छ । विषादी प्रयोग नेपालमा ३९६ ग्राम खास विष प्रति हे. छ, जुन अन्य देशहरूको तुलनामा एकदमै न्यून हो तथापि यसबाट हुने नकरात्मक प्रभाव दिन प्रतिदिन बढ्दो छ । असावधानीपूर्वक प्रयोग गर्दा, प्रयोगकर्ता र उपज उपभोक्तालाई प्रत्यक्ष प्रभाव त पर्छ नै साथै त्यस्ता वस्तुहरूको अवशेषयुक्त उपजहरू उपभोग गर्दा दीर्घकालीन रूपमा समेत मानव स्वास्थ्य र वातावरणमा प्रत्यक्ष अप्रत्यक्ष प्रभाव पर्छ र अवशेष युक्त खाद्यान्न उपभोगबाट पर्न सक्ने अल्पकालीन तथा दीर्घकालीन प्रभावहरू र त्यसबाट बच्ने उपायहरूको बारेमा सचेत हुन जरूरी छ ।

## नेपालमा पञ्जीकृत विषादीहरू

**२०७८ साल असार ३० गतेसम्म नेपालमा पञ्जीकृत भएका विषादीहरू**

| विषादीको प्रकार | साधारण नाम | व्यापारिक नाम |
|---|---|---|
| कीटनाशक | ५६ | १७८७ |
| ढुसीनाशक | ४२ | ११४१ |
| व्याक्टेरियानाशक | १ | २४ |
| नेमाटोडनाशक | १ | १ |
| झारनाशक | ३० | ६२० |
| सुलसुलेनाशक | ५ | ३२ |
| शंकेकीरानाशक | १ | ४ |
| मुसानाशक | २ | ४१ |
| जैविक विषादी | १४ | १७१ |
| वनस्पतिजन्य | १३ | १७ |
| जम्मा | १६५ | ३८३८ |

## प्रतिबन्धित विषादी

**नेपालमा हालसम्म प्रतिबन्धित विषादीहरूको सूची**


| क्र. सं. | बिषादीको नाम | प्रतिबन्धित गरेको मिति | कैफियत |
|---|---|---|---|
| १. | क्लोरडेन (Chordance) | २०५७/१२/२७ | Persistent Organic Pollutant |
| २ | डि.डि.टि (DDT) | २०५७/१२/२७ | Persistent Organic Pollutant |
| ३. | आईअल्ड्रिन (Dieldrin) | २०५७/१२/२७ | Persistent Organic Pollutant |
| ४. | ईन्ड्रिन (Endrin) | २०५७/१२/२७ | Persistent Organic Pollutant |
| ५. | अल्ड्रिन (Aldrin) | २०५७/१२/२७ | Persistent Organic Pollutant |
| ६. | हेप्टाक्लोर (Heptachlor) | २०५७/१२/२७ | Persistent Organic Pollutant |
| ७. | मिरेक्स (Mirex) | २०५७/१२/२७ | Persistent Organic Pollutant |
| ८. | टोक्साफेन (Toxafen ) | २०५७/१२/२७ | Persistent Organic Pollutant |
| ९. | लिन्डेन (Lindance) | २०५७/१२/२७ | |
| १०. | बियच सी (BHC) | २०५७/१२/२७ | |
| ११. | फस्फामिडन (Phosphamidon) | २०५७/१२/२७ | |
| १२. | अर्गेनोमर्करीक्लोराईड (Organo mercury Chloride) | २०५७/१२/२७ | |
| १३ | मिथायलपाराथियन (Methyl Parathion) | २०६४/०९/१६ | |
| १४. | मनोक्रोटोफस (Monocrotophos) | २०६४/०९/१६ | |
| १५. | इण्डोसल्फान (Endosulfan) | २०६९/०७/२० | Persistent Organic Pollutant |
| १६. | फोरेट (Phorate) | २०७२/०३/२० | |
| १७. | कार्बोफ्युराइन (Carbofuran) | २०७५/०९/१६ | |
| १८. | कार्बारिल (Carbaryl) | २०७५/०९/१६ | |
| १९. | डाइक्लोरेभस (Dichlorvos) | २०७५/०९/१६ | |
| २०. | ट्रायजोफस (Tiozophos) | २०७५/०९/१६ | |
| २१. | बेनोमाइल (Benomyl) | २०७५/०९/१६ | |
| २२. | डायकोफोल (Dicofol) | २०७६/०४/१९ | |
| २३. | कार्वोसल्फान (Carbosulfan) | २०७६/०४/१९ | |
| २४. | एलम्युनियम फोस्फाइड ३ ग्राम टेब्लेट (Aluminum Phosphide 3 gram tablet) | २०७६/०४/१९ | |

## विषादीको प्रकार

**लक्षित जीवको आधारमा विषादीको वर्गीकरण**

| क्र. सं. | बिषादीको प्रकार | लक्षित जीव/समूह |
|---|---|---|
| १. | ढुसीनाशक (Fungicide) | ढुसी |
| २ | कीटनाशक (Insecticide) | कीरा |
| ३. | मुसानाशक (Rodenticide) | मुसा |
| ४. | ब्याक्टेरियानाशक (Bactericide) | ब्याक्टेरीया |
| ५. | झारपातनाशक (Herbicide/ Weedicide) | झारपात |
| ६. | शंकेकिरानाशक (Molluscide) | शंकेकिरा |
| ७. | सुलसुलेनाशक विषादी (Miticide/Acaricide) | सुलसुले |
| ८. | जुकानासक (Nematicide) | जुका |

## संकेतको आधारमा विषादीको वर्गीकरण




## विषादीको असरहरु

### विषादीबाट मानव स्वास्थ्यमा पर्ने असरहरु:

| क्र.सं. | अल्पकालीन (तत्कालमा देखिने असर) | क्र.सं. | दीर्घकालीन (पछि देखिने असर) |
|---|---|---|---|
| १ | रिंगटा लाग्नु र होस हराउनु | १ | क्यान्सर/ट्युमर |
| २ | मूर्छा पर्नू वा माशंपेशी थाक्नु/कम्पन हुनु वा छाला लाटो हुनु | २ | श्वास प्रश्वास सम्बन्धी रोगहरु |
| ३ | टाउको दुख्नु र थाकेको महसुस हुनु | ३ | स्नायुजन्य असरहरु, शारीरिक विकासमा असर र जन्मजात अपाङ्गता (Birth Defects) प्रतिरोधी क्षमतामा असर |
| ४. | वाक वाकी लाग्नु वा वान्ता हुनु | ४. | प्यारालाइसिस (पक्षघात) |
| ५. | स्वाँ स्वाँ हुनु वा लडखडाएर हिड्नु | ५. | वंशानुगत परिवर्तन (Mutation) |
| ६. | खोकी लाग्नु वा छाती दख्न/गह्रौ हुनु | ६. | कलेजो खराबी (Liver Damage) |
| ७. | अनिन्द्रा वा आँखी भौं फरफराउनु वा आँखा रातो हुनु पोल्नु आँशु बहनु धमिलो देख्नु | ७ | प्रजनन् क्षमतामा कमी वा बाँझोपन/नपुंशकता (Reproductive Disorder) |
| ८. | पेट वटारिनु वा पखाला लाग्न् | ८. | मानशिक असन्तुलन (Nerv Damage) |
| ९. | छाला रातो हुनु/ सेतो हुनु वा छाला फुट्नु/ चिलाउनु/फोका आउनु | ९. | एलर्जी |

## विषादी प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरु:

- सकेसम्म हरियो र निलो लेवल भएको विषादी प्रयोग गर्नुहोस्।
- विषादीको डब्बामा उत्पादन र एक्सपाइरी मिति हेर्नुहोस्।
- सुरक्षित ठाउँमा विषादी राख्नुहोस्।
- सकभर कडा घाम लागेको, धेरै हावा लागेको, पानी परिरहेको समयमा विषादी नछर्नुहोस्।
- कुनै पनि विषादी छर्दा विषादी छर्दै अघि बढ्नु हुँदैन अर्थात् पछि सर्दै आउनुपर्दछ जसले गर्दा विषादी चलाउन नपरोस्।
- कुनै पनि विषादी छरिरहँदा बीचैमा नोजल बन्द भयो भने मुखले फुकेर वा दातँले खोल्ने गर्नुहुँदैन।
- कुनै पनि विषादी प्रयोग गरेपछि सकेसम्म पुरै शरिर नुहाउनुहोस् र हातखुट्टा नधोइ कुनै खानेकुरा खानुहुँदैन।
- विषादी प्रयोग गरीसकेपछि खाली बट्टा वा सिसि बटुलेर खाल्डोमा पुर्नुहोस् र प्रयोग गरेका उपकरणहरु धोएर राख्नुहोस्।
- विषादी छर्कदा टाउको दुख्ने वा वाक वाक लाग्ने जस्तो हुन थाल्यो भने तुरुन्त काम छाडेर खुल्ला हावामा केही समय बस्नुहोस् । यदि विष लागेको शंङ्का लागेमा नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा जचाउनु होस्।
- विषादीको किसिम हेरेर विषादी छरेको खेतबाट पर्खनुपर्ने समय अवधि सकिएपछि मात्र खान योग्य वालीहरु उपभोग गर्नु पर्दछ। साथै गाइबस्तु, कुखुरा आदिलाई समेत विषादी छर्ने वित्तिकै खुवाउन हुँदैन।
- विषादी प्रयोग गर्ने उपकरणहरूलाई प्रयोग गरिसकेपछि राम्रोसँग पखाली भण्डारण गर्नुहोस्।
- रसायनिक विषादी प्रयोग गर्दा/छर्कदा मुखमा मास्क, हातमा पञ्जा, खुट्टामा जुत्ता र शरिरको नाङ्गो भागमा कपडाले छोप्नुहोस्।
- सिफारिस मात्रा भन्दा बढी विषादी प्रयोग गर्नुहुँदैन र एक भन्दा बढी विषादी एकै पटक मिसाएर प्रयोग गर्नुहुँदैन।

> विषादी विष हुन, औषधि होइन।
> विषादीको दुरुप्रयोग नगरौं।
> विषादी भण्डारण गर्दा, ओसार पसार गर्दा, बिक्री वितरण तथा प्रयोग गर्दा सुरक्षित तवरले गरौं।
> विषादीको नकरात्मक असरबाट आफू बचौं र अरुलाई पनि बचाऔं।

## सन्दर्भ सामग्री:


- जीवनासक विषादी ऐन, २०७६
- जीवनासक विषादी नियमावली, २०५०
- विषादीका विविध पक्षहरु २०७४, विषादी पञ्जीकरण तथा व्यवस्थापन शाखा हरिहरभवन, ललितपुर ।
- विषादीको समुचित प्रयोजन, भण्डारण र विसर्जन-२०७८, विषादी पञ्जीकरण तथा व्यवस्थापन शाखा हरिहरभवन, ललितपुर।


# विषादी : एक झलक





प्रकाशक
प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
प्रदेश नं. १, विराटनगर, नेपाल
(आ.व. २०७९/०८०)